आज मिति २०७६ साल चैत ३ गते प्रमुख जिल्ला अधिकारी श्री कृष्ण कुमार बरौलाको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति सम्पर्क नं.

१. प्र.जि.अ. श्री कृष्ण कुमार बरौला, जि.प्र.का.
२. प्रमुख श्री सुर्जन रोकाया, जि.स.स. मुगु
३. ओझा सि.क. प्रदेश सदस्य भानशिर
४. नगर प्रमुख श्री हरि जंग शाहि, छायांनाथ रारा न.पा.
५. जि.प्र.प्र.अ. ललितसिंह मल्ल, " "
६. राजेन्द्र बहादुर शाही - समाजवादी पार्टी - जिल्ला इन्चार्ज
७. सूर्यमणी मल्ल नेपाली कांग्रेस जिल्ला कार्यसमिति
८. रमेश कु. शाह समाज वादी पार्टी अध्यक्ष
९. कमल बहादुर बुढा मगुउद्योग वाणिज्य संघ ९८४०९६३०३३
१०. प्र.अ.अ. केशवप्रसाद न्यौपाने स०अ०जि०का० मुगु ९८५८३२२०२८
११. सह-सेनानी जितेन्द्र राना, श्रीदिव्य गुल्म, रारा ९८४११५६३७३
१२. प्र.नि. नीर दत्त जोशी ९८५८४४००९८
१३. स.प्र.ना.उ. श्री रमेश कान्त पोखरेल. स.प्र.बल ९८६१३३९५६१
१४. सभापति श्री जय बहादुर मल्ल रेडक्रस मुगु ९८४८०३५७०९
१५. क्लष्टर टिम लिडर तेजिन्द्र सिंजाली यू.एन.एन. मुगु ९८४१-६१७२९५
१६. कृ० अधिकृत अधिकृत चूडामणी जैसी सहारा नेपाल मुगु ९८५१०७६३९५
१७. " जिल्ला वन ऽडि " ९८६१०६८७१७
१८. कोषाध्यक्ष अमर कुमार मल्ल गौर म.स.मुगु ९८६४८१३००९
१९. का.मु. डाक्टर [illegible] [illegible] ९८५८३२२२०१
२०. अमर सिंह नेपाली - MCDC Mugu ९८६४८९१८९०
२१. नन्दकला मल्ल INF मुगु ९८४८४७४८२६
२२. विष्णु व. रावत हेल्भेटाज-नेपाल मुगु ९८५८३२२३३०
२३. टेक बहादुर शाही - किडोक नेपाल, जिल्ला संयोजक ९८६३११८३९५८
२४. विरेन्द्र थापा - विश्व शिक्षा, नेपाल, ९८४८६४५९९१
२५. श्याम राज लामिछाने - गुड नेबर्स इन्टरनेशनल, नेपाल-DC ९८४८०३४११८
२६. महेश प्रसाद जोशी - KPADF, Mugu ९८५८३६६४२५
२७. डिल बहादुर मल्ल ने.क.पा नि.क.प्र ९८४८२०८०८३
२८. दिपक बहादुर कार्की - नि.अ.प्रशासकीय अधिकृत ९८६८८२६५२८३
२९. ज्ञानसिंह बुढा हि.अ. दे.व हेल्थ, ९८६८०८८५११
(नोवेल कोरोना भाइरस कुनमा सम्पर्क व्यक्ति)
३०. शिव प्रसाद पाण्डेय नेपाल वि.पु. प्राधिकरण [illegible]

जिल्ला विपद् व्यववस्थापन समितिका निर्णयहरु

१) विश्वका धेरै मुलुकहरुमा COVID-19 को संक्रमण फैलिदै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणको विषयमा यस जिल्लामा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, स्वास्थ्य सेवा कार्यालय र अन्य सरोकारवाला निकायहरुबीचको सहकार्य एवं समन्वयमा संचालन भएका सचेतनामूलक कार्यक्रमहरु र ताल्चा विमानस्थल लगायत ९ स्थानमा स्वास्थ्यकर्मी सहितको हेल्प डेस्क स्थापना भइ संचालनमा रहेकोमा सोको कार्य प्रगति समिक्षा गरियो ।साथै, यस विषयमा थप सजगता अपनाउन निम्न बमोजिम गर्ने निर्णय गरियो ।

क) निम्नानुसार गर्न यस जिल्लाका सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने:

- स्थानीय तहको कार्यपालिका तथा विपद् व्यवस्थापन समितिको बैठक राखी विभिन्न स्थानमा Gun For Fever मास्क, स्यानिटाइजरजस्ता सामाग्रीहरुको नियमित उपलब्धता सहित हेल्थ डेस्क स्थापना एवं संचालन ।
- नियमित साबुन पानीले हात धुने, भिडभाडमा नजाने, सरसफाइमा विशेष ध्यानदिने र बिरामी भएमा नजिकको स्वास्थ्य केन्द्रमा जाने जस्ता सचेतनामूलक कार्यक्रमहरुको संचालन ।
- स्थानीय स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई हाललाई कसैलाई पनि बिदामा नछाड्ने ।
- त्यस स्थानीय तहलाई आवश्यक पर्ने औषधि उपकरणहरु यथाशिघ्र खरिद एवं भण्डारण ।
- सबै स्थानीय तहले यथाशिघ्र COVID-19 सम्बन्धी पूर्वतयारी एवं प्रतिकार्य योजना तयारी ।
- कुनै शंकास्पद बिरामी देखा परेमा तुरुन्त स्वास्थ्य सेवा कार्यालय मुगुमा रिफर गर्ने ।
- आफ्नो मातहत रहेका एम्बुलेन्सलाई सधै तयारी अवस्थामा राख्ने ।
- यस विषयमा स्थानीय स्वास्थ्य प्रमुखले स्वास्थ्य सेवा कार्यालयमा नियमिति रुपमा रिपोर्टिङ गर्ने व्यवस्था ।
- हालसम्म भए गरेका कार्यहरुको प्रगति प्रमुख प्रशासकीय अधिकृत मार्फत पठाइ दिने व्यवस्था ।
- प्रत्येक स्वास्थ्य केन्द्रहरुमा आइसोलेशन वेडको स्थापना र संचालन ।

ख) स्वास्थ्य सेवा कार्यालय मुगुलाई निम्नानुसार गर्न निर्देशन दिने:

- COVID-19 को रोकथाम र नियन्त्रणका लागि औषधि सहितको Quick Response Team र अस्पतालमा आइसोलेशन बेड तयारी अवस्थामा राख्ने ।
- यस जिल्लामा COVID-19 संक्रमण भएको शंका लागेका व्यक्ति फेला परेमा जिल्ला कारागार कार्यालयको तुम स्थित निर्माणाधीन कारागार भवनलाई जिल्ला सुरक्षा समितिको मिति

२०७६।१२।०१ को बैठकबाट आइशोलेशन/क्वारेण्टाइन भवनको रुपमा प्रयोग गर्न पहिचान गरिएकोले सो भवनमा आवश्यक पूर्वाधार व्यवस्थाका लागि छायानाथ रारा नगरपालिकासंग आपसी समन्वय गरी कार्य अगाडि बढाउने ।

ग) जिल्लामा क्रियाशिल सबै राजनीतिक दल, गैरसरकारी संस्था, नागरिक समाज एवं निजी क्षेत्रले यस विषयमा आवश्यक प्रचार प्रसार एवं सजगता अपनाउनका निम्ति सबै स्थानीय तहसंग समन्वय र सहकार्य गर्ने ।

घ) माथि उल्लिखित निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी आवश्यक समन्वय एवं सहजीकरण गर्न जिल्ला समन्वय समिति मुगुलाई अनुरोध गर्ने ।

२) जिल्ला विपद् पूर्वतयारी तथा प्रतकार्य योजनालाई अध्यावधिक गर्नका लागि १५ दिनभित्र कार्यसम्पन्न गर्ने गरी देहाय अनुसारको कार्यदल गठन गर्ने साथै उक्त योजनाको प्रकाशनका लागि जिल्लामा क्रियाशिल गैरसरकारी संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री जय बहादुर मल्ल, सभापति, नेपाल रेडक्रस सोसाइटी, मुगु | - संयोजक |
| श्री युएम एन | - सदस्य |
| श्री सहास नेपाल | - सदस्य |
| श्री आइ एन एफ | - सदस्य |
| श्री किर्डाक नेपाल | - सदस्य |
| श्री हेरेण्डेक नेपाल मुगु | - सदस्य |
| श्री स.प्र.जि.अ. प्रशासन कार्यालय, मुगु | -सदस्य सचिव |

३) जिल्ला आपत्कालीन संचालन केन्द्र (DEOC) लाई यथाशिघ्र संचालनमा ल्याउने । यसको दरबन्दी सहितको व्यवस्थाका लागि सम्बद्ध निकायमा अनुरोध गर्ने ।साथै, सबै स्थानीय तहहरुले आआफ्नो पालिकामा स्थानीय आपतकालीन संचालन केन्द्र (LEOC) यथाशिघ्र स्थापना गरी संचालनमा ल्याउने ।

४) जिल्लामा मौजुदा उद्धार खोज तथा राहत सामग्रीहरुको अवस्था विश्लेषण गर्दा ज्यादै न्यून अवस्थामा रहेको पाइएकोले सबै स्थानीय तहहरुले मनसून प्रारम्भ हुन पूर्व नै पर्याप्त मात्रामा उद्धार खोज तथा राहत सामग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्न अनुरोध गर्ने ।

५) मनसुन आकस्मिक योजना, २०७६ र आगलागी आकस्मिक योजना २०७६ लाई स्वीकृत गरी लागू गर्ने निर्णय गरियो । सोही अनुरुप सबै स्थानीय तहहरुले पनि मनसुन, आगलागी, चिसो तथा हिमपात जस्ता आकस्मिक योजना तर्जुमा गरी यथाशिघ्र लागू गर्न अनुरोध गर्ने निर्णय गरियो ।

६) जिल्ला सदरमुकाम गमगढी बजारलाई आगलागीको जोखिमबाट सुरक्षित राख्न पूर्वसावधानी योजना तयार गरी लागू गर्न छायाँनाथ रारा नगरपालिका, नेपाल रेडक्रस सोसाइटी र विपद् रोकथाम एवं नियन्त्रणमा क्रियाशिल गैरसरकारी संघ संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

७) विभिन्न समयमा विविध खालका विपद्हरुमा परी रीतपूर्वक राहत माग सहित पेश हुन आएका र आउने पीडितहरुलाई तुरुन्त राहत प्रदान गर्ने । सो कार्यका लागि प्रमुख जिल्ला अधिकारीलाई बढीमा रु. १०,०००।- सम्म तत्काल राहत प्रदान गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

८) निकट भविष्यमा आउने मनुसुन वर्षा, बाढी, पहिरोलाई समेत ध्यानमा राखी निम्न सजगता अपनाउन निर्देशन गर्ने निर्णय गरियो ।

क) सबै स्थानीय तह लगायत सरकारी एवं गैरसरकारी निकायहरुले विकास निर्माण, राहत एवं उद्धार लगायतका सामग्रीहरु मनसुन प्रारम्भ हुनु पूर्व नै ढुवानी गरिसक्ने व्यवस्था मिलाउने ।

ख) जिल्लालाई आवश्यक पर्ने औषधी र स्वास्थ्य सम्बन्धी उपकरणहरु वर्षात् पूर्व नै सम्बद्ध निकायहरुले ढुवानी गरी भण्डारण गर्ने ।

ग) जिल्ला उद्योग वाणिज्य संघ एवं व्यवसायी / व्यापारीहरुले पर्याप्त मात्रामा खाद्यान्न तथा उपभोग्य सामग्रीहरु वर्षात् शुरु हुनु पूर्व नै ढुवानी एवं भण्डारण गर्ने ।

घ) खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लि. एवं साल्ट ट्रेडिङ लिमिटेडले पर्याप्त मात्रामा खाद्यान्न र नुनको मौज्दात राख्ने ।

९) सबै स्थानीय तहहरुलाई आआफ्नो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्न अनुरोध गर्ने निर्णय गरियो ।

१०) कर्णाली राजमार्गको भूलभूले खण्डको नेपाली सेनाको पोष्ट नजिकको सडक कमलो माटो रहेकोले पटक पटक गाडीहरु हिलोमा फस्ने गरेको जसबाट गमगढी लगायतका क्षेत्रमा खाद्यान्न लगायत दैनिक अत्यावश्क मालसामान आपूर्तिमा समस्या आउने गरेकोले डिभिजन सडक कार्यालय जुम्लालाई उक्त सडक खण्डमा ग्राभेल, नाला सुधार लगायतका कार्य गर्न अनुरोध गर्ने निर्णय गरियो ।

११) जिल्ला विपद् व्यवस्थापन कोषमा रु. ६ लाखमात्र मौज्दात रहेकोले न्यूनतम् रु. ५० लाख रकम उपलब्ध गराइ दिनश्री गृह मन्त्रालयमा अनुरोध गर्ने ।

१२) आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेशको चलानी नम्बर ४९४ मिति २०७६।११।१९ को पत्रबाट यस जिल्लाको विपद् जोखिम क्षेत्रमा रहेका ६४० घरहरुको विमा गर्ने प्रयोजनका लागि घरहरु छनौट गरी पठाइदिन अनुरोध भइ आएकोले विपद् जोखिमे बिमा कार्यविधि, २०७६ अनुसारको विवरण तयार गरी जिल्ला दैवी प्रकोप उद्धार समितिमा पठाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।